प.सं. च.नं.(१९१-१-१८ क.प्र.)/२०७८/७९, ६११

मिति: २०७८/१२/०७

श्री सबै मन्त्रालय/ आयोग/ निकाय/ प्रतिष्ठान ।

विषय :- निर्णय कार्यान्वयन सम्बन्धमा ।

प्रस्तुत विषयमा सम्वत् २०७९ साल बैशाख ३० गते शुक्रबार सम्पन्न हुने स्थानीय तह सदस्यको निर्वाचनमा खटिने जनशक्तिको व्यवस्थापन सम्बन्धमा आयोगको मिति २०७८/१२/७ को बैठकबाट देहाय बमोजिमको निर्णय भएको हुँदा आवश्यक कार्यार्थ निर्णायानुसार अनुरोध छ ।

आयोगको निर्णय

संवत् २०७९ बैशाख ३० गते शुक्रबार सबै स्थानीय तह सदस्यको निर्वाचन हुने गरी नेपाल सरकारबाट निर्णय भई सो बमोजिम निर्वाचनको तयारी भइरहेको छ । निर्वाचन व्यवस्थापन सम्बन्धी काममा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहसँग आयोगले सोझै सम्पर्क राख्न सक्ने र त्यस्ता निकायबाट कुनै पनि सहयोग लिन सक्ने व्यवस्था निर्वाचन आयोग ऐन, २०७३ को दफा ७ को उपदफा (१) र (२) मा रहेको र उपदफा (३) ले आयोगले मागेको सहयोग उपलब्ध गराउनु सम्बन्धित संस्था वा निकायको कर्तव्य हुने उल्लेख गरेको छ । यसैगरी सोही ऐनको दफा ४४ मा आयोगले निर्वाचनको काममा नियुक्त गरिएका, खटाएका वा तोकिएका वा आयोगको आदेश, निर्देशन पालना गर्नुपर्ने कर्तव्य भएका कुनै निजामती कर्मचारी, सुरक्षाकर्मी लगायतले आयोगको आदेश, निर्देशनको जानाजानी उल्लंघन हुने वा बदनियतले कुनै काम कारवाही गरेमा आयोगले त्यस्ता कर्मचारी वा सुरक्षाकर्मी उपर निजको सेवा शर्त सम्बन्धी प्रचलित कानून बमोजिम अख्तियारवालाको अधिकार प्रयोग गरी विभागीय कारवाही गर्न सक्ने व्यवस्था रहेको छ ।

आसन्न स्थानीय तह निर्वाचन २०७९ को सन्दर्भमा आयोगले माग गरेका निजामती लगायतका सम्पूर्ण जनशक्तिलाई आयोगले तोकेबमोजिम कामकाजमा खटाउने व्यवस्था मिलाउनुहुन र अन्यथा भएमा निर्वाचन आयोग ऐन, २०७३ को दफा ४४ वमोजिम कारवाही भईजाने व्यहोरा समेतको जानकारी निर्वाचन आयोग ऐन, २०७३ को दफा ४० बमोजिम मन्त्रालय, आयोग, निकाय, प्रतिष्ठान लगायतका सबै निकायहरूलाई गराउने गरी निर्देशन दिने ।

(कमल ज्ञवाली)
उपसचिव

सादर अवगतार्थ

माननीय प्रमुख निर्वाचन आयुक्तज्यू
माननीय निर्वाचन आयुक्तज्यूहरु,
श्रीमान् सचिवज्यू, निर्वाचन आयोग, नेपाल ।


कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ५३२८६६३ । फ्याक्स: (९७७-१) ५३२५५८०
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 5328663, Fax: (977-1) 5325580
E-mail: info@election.gov.np, Website: www.election.gov.np

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./Ref:१-१-१-१८ क.प्र.)/२०७८/७९, ६१४

मिति: २०७८/१२/०७

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.: ३३२६
१२।५

विषय :- निर्णय कार्यान्वयन तथा समन्वय सम्बन्धमा ।

प्रस्तुत विषयमा सम्वत् २०७९ साल वैशाख ३० गते शुक्रबार सम्पन्न हुने स्थानीय तह सदस्यको निर्वाचनमा खटिने जनशक्तिको व्यवस्थापन सम्वन्धमा आयोगको मिति २०७८/१२/०७ को बैठकवाट देहाय बमोजिमको निर्णय भएको हुँदा तहाँ मन्त्रालयबाट सबै स्थानीय तहमा परिपत्र गरी समन्वय गरिदिनुहुन तथा आवश्यक कार्यार्थ निर्णयानुसार अनुरोध छ ।

**आयोगको निर्णय**

संवत् २०७९ बैशाख ३० गते शुक्रबार सबै स्थानीय तह सदस्यको निर्वाचन हुने गरी नेपाल सरकारबाट निर्णय भई सो बमोजिम निर्वाचनको तयारी भइरहेको छ । निर्वाचन व्यवस्थापन सम्वन्धी काममा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहसँग आयोगले सोझै सम्पर्क राख्न सक्ने र त्यस्ता निकायबाट कुनै पनि सहयोग लिन सक्ने व्यवस्था निर्वाचन आयोग ऐन, २०७३ को दफा ७ को उपदफा (१) र (२) मा रहेको र उपदफा (३) ले आयोगले मागेको सहयोग उपलब्ध गराउनु सम्बन्धित संस्था वा निकायको कर्तव्य हुने उल्लेख गरेको छ । यसैगरी सोही ऐनको दफा ४४ मा आयोगले निर्वाचनको काममा नियुक्त गरिएका, खटाएका वा तोकिएका वा आयोगको आदेश, निर्देशन पालना गर्नुपर्ने कर्तव्य भएका कुनै निजामती कर्मचारी, सुरक्षाकर्मी लगायतले आयोगको आदेश, निर्देशनको जानाजानी उल्लंघन हुने वा बदनियतले कुनै काम कारवाही गरेमा आयोगले त्यस्ता कर्मचारी वा सुरक्षाकर्मी उपर निजको सेवा शर्त सम्वन्धी प्रचलित कानून बमोजिम अख्तियारवालाको अधिकार प्रयोग गरी विभागीय कारवाही गर्न सक्ने व्यवस्था रहेको छ ।

आसन्न स्थानीय तह निर्वाचन २०७९ को सन्दर्भमा आयोगले माग गरेका निजामती लगायतका सम्पूर्ण जनशक्तिलाई आयोगले तोकेबमोजिम कामकाजमा खटाउने व्यवस्था मिलाउनुहुन र अन्यथा भएमा निर्वाचन आयोग ऐन, २०७३ को दफा ४४ बमोजिम कारवाही भईजाने व्यहोरा समेतको जानकारी निर्वाचन आयोग ऐन, २०७३ को दफा ४० बमोजिम मन्त्रालय, आयोग, निकाय, प्रतिष्ठान लगायतका सबै निकायहरूलाई गराउने गरी निर्देशन दिने ।

(कमल ज्ञवाली)
उपसचिव